रुरु गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः २ संख्याः ६ मितिः २०७५/१०/२३(अतिरिक्तांक)

भाग-१

रुरु गाउँपालिका

गुल्मी,५ नं.प्रदेश

## रुरु गाँउपालिकाको
## शिक्षक अवकाश प्रोत्साहन कार्यविधि २०७५

सम्बत २०७५ को कार्यविधि नं. ६ गाउँ कार्यपालिकाबाट स्वीकृत मिति :२०७५।१०।२३

<u>शिक्षक अवकाश प्रोत्साहन कार्यविधि २०७५</u>

सामुदायिक विद्यालयमा अध्यापन गरिरहेका स्थायी शिक्षकहरु उमेरको हदले अनिवार्य अवकाश प्राप्त गर्नु अघि नै स्वेच्छाले अवकाश लिई नयाँ पिढिलाई स्थान दिन चाहने शिक्षकलाई प्रोत्साहन सहित अवकाश दिन वान्छनीय भएकोले रुरु गाउँकार्यपालिकाको मिति २०७५।१०।२३ मा बसेको बैठकले यो कार्यविधी बनाएको छ ।

## परिच्छेद -१

## संक्षिप्त नाम र प्रारम्भ

१. यो कार्यविधिको नाम “शिक्षक अवकाश प्रोत्साहन कार्यविधि २०७५” रहेको छ ।

२. यो कार्यविधि रुरु गाउँपालिकाको कार्यपालिकाले पारित गरेपछि लागु हुने छ ।

३. विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :

(क) "शिक्षक" भन्नाले सामुदायिक विद्यालयमा अध्यापन गर्ने स्थायी शिक्षकलाई सम्झनुपर्दछ ।

(ख)" प्रोत्साहन" भन्नाले स्थायी शिक्षकले यो कार्यविधिको प्रावधानको अधिनमा रहि अवकाश लिदा पाउने प्रोत्साहन रकमलाई सम्झनुपर्दछ ।

(ग) "गाउँपालिका भन्नाले" रुरु गाउँपालिका सम्झनुपर्दछ ।

(घ) "अवकाश" भन्नाले दफा ४ को प्रावधान बमोजिम शिक्षकले स्वच्छाले लिएको अवकाशलाई सम्झनुपदर्छ ।

(ङ) "तोकिए बमोजिम भन्नाले" यो कार्यविधि बमोजिमको विषयलाई सम्झनुपर्दछ ।

## परिच्छेद -२

## सेवा अवधि तथा उमेर

४. प्रोत्साहन रकम प्राप्त गर्नका लागि स्थायी सेवा कम्तिमा २५ वर्ष र उमेर कम्तिमा ५२ वर्ष पुरा भएको र कम्तीमा अनिवार्य अवकाशका लागि १ वर्ष ६ महिना बाँकि रहेको अवस्थामा राजिनामा स्विकृत भएको हुनुपर्नेछ ।

५. उपदफा ४ अनुसार राजिनामा स्वीकृत भै अवकाश प्राप्त गर्ने शिक्षकलाई तोकिए बमोजिमको प्रोत्साहन रकम उपलब्ध गराइनेछ ।

## परिच्छेद -३

## प्रोत्साहन रकम

६. उपदफा ४ अनुसारको सेवा अवधि वा उमेर भित्र राजिनामा स्वीकृत गराई अवकाश प्राप्त गर्ने शिक्षकलाई शिक्षा शाखाको सिफारिसमा गाउँपालिकाबाट शिक्षा तर्फ विनियोजित रकमबाट प्रोत्साहन स्वरुप रु. ६००००/-प्रदान गरिनेछ । यसमा नियमानुसार करकट्टी हुनेछ ।

७. यस्तो सुविधा आ.व. २०७५/२०७६ को हकमा बढिमा ६ जना शिक्षकले प्राप्त गर्ने छन । आगामी वर्षमा गाउँपालिकाको वार्षिक कार्यक्रम अनुसार हुनेछ ।

## परिच्छेद -४

## कोषको व्यवस्था

८. शिक्षक प्रोत्साहनको लागि प्रमुख प्रशासकीय अधिकृत र लेखा प्रमुखको संयुक्त दस्तखतमा बैकमा खाता खोली कोषको व्यवस्था गरिनेछ। उक्त कोषको नाम “शिक्षक अवकाश कोष” रहनेछ।

९. उक्त कोषमा आ. व. २०७५/२०७६ मा गाउँपालिकाबाट विनियोजित रकम रु.३,६०,०००/- राखिनेछ र आगामि वर्षहरुमा आवश्यकता अनुसार गाउँपालिकाको स्वीकृत कार्यक्रम अनुसार रकम थप गर्दै जाने योजना बनाइनेछ।

## परिच्छेद -५

## विविध

१०. संसोधन : रुरु गाउँपालिकाको कार्यपालिकाले आवश्यकता अनुसार यस कार्यविधिमा संसोधन गर्न सक्नेछ

गाउँ कार्यपालिकाबाट स्वीकृत मिति :२०७५। १० । २३

आज्ञाले
चेतनाथ गिरी

प्रमुख प्रशासकीय अधिकृत